मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

**मन्टेश्वरी तालिममा भर्ना खुल्यो**

– मन्टेश्वरी तालिम लिन इच्छुक महानुभावहरुको लागि भर्ना खुलेको जानकारी गराउँदछौं ।
– यही मिति २०७६ फागुन २५ गतेदेखि १ हप्ते, दुई हप्ते, एक महिने तथा ३ महिने कोर्षहरुमा मन्टेश्वरी तालिममा भर्ना खुलेको जानकारी गराउँदछौं ।

*नोटः यस स्कूलमा कक्षा PGमा नयाँ भर्ना खुलेको समेत जानकारी गराउँदछौं ।*

सम्पर्कः वेष्ट फ्युचर मन्टेश्वरी स्कूल एण्ड ट्रेनिङ्ग सेन्टर, बिर्तामोड, झापा
फोन नं. ०२३-५४२६४७, ९८४९२५९७२९, ९८४१८९७४४७

◆ वर्ष : २५ ◆ अङ्क : ११५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ फागुन ३० गते शुक्रवार (Friday, March 13. 2020) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/– भारतमा भारु. : ४/–

# सीमा पिलर ढल्यो, प्रशासन बेखबर



**आत्माराम राजवंशी**

**गौरीगञ्ज, फागुन २८ ।** नेपाल भारत सीमाना छुट्याउने दशगजा क्षेत्रमा गौरीगञ्ज-४ को बाह्रसुद्दीमा रहेको पिलर ढलेको छ ।

बाह्रसुदीको गौरीया खोलामा रहेको १४९ को २४ नम्बर पिलर ढलेको हो । पिलर भएको स्थानमा खोला बगिरहेकाले गत असार महिनामा खोलामा बाढी आउँदा पिलर लडेको स्थानीयबासी बताउँछन् । बर्षाको समयमा पिलर ढले पनि त्यसलाई उठाउने वा मर्मत गर्ने कहीँकतैबाट पहल भएको छैन । त्यस क्षेत्रमा बसोवास गर्ने भारतीय नागरिकहरुले लडेको पिलरलाई लुगा धुने र नुहाउने काममा प्रयोग गरिरहेका छन् । खोलामा ढलेको १४९ को २४ नम्बरको पिलरमा गरिएको रङ रोगन पखालिएको छ भने पिलरको नम्बर हराएको छ ।

दशगजा क्षेत्रमा रहेका ४ वटा अरू साना स्तम्भ पुरिएका छन् । गौरीगञ्ज गाउँपालिका वडा नं -४ को बाह्रसुदी क्षेत्रको गौरीया खोलामा रहेका ४ वटा साना स्तम्भ पुरिएका हुन् ।

खोला क्षेत्रमा राखिएका ती सीमा स्तम्भहरु खोलाले बालुवा थुपार्दा ४ वटा स्तम्भ पुरिएका हुन् । बालुवाले पुरिएका स्तम्भहरु १४७ को ३,४ र ९ तथा १४८ को ११ रहेको सशस्त्र प्रहरीबल बीओपी गौरीगञ्जले जनाएको छ । खोलामा पुरिएका र लडेको स्तम्भका बारेमा सम्बन्धित निकायमा जानकारी पठाइसकेको सशस्त्र प्रहरी बल बीओपी गौरीगञ्जका प्रमुख साइमान श्रेष्ठले जानकारी दिए ।

गौरीगञ्ज क्षेत्रमा झापा जिल्लाको पश्चिम सीमाना रतुवादेखि पूर्वमा किस्ने खोलासम्म ठूलासाना गरी ४९ वटा पिलर रहेका छन् । जस मध्ये एउटा मर्मत गर्नु पर्ने, मझौला स्तम्भ ३ वटा, साना स्तम्भ ३२ वटा रहेकामा २ वटा मर्मत गर्नु पर्ने र रिफ्रेन्स स्तम्भ एउटा रहेको सशस्त्र प्रहरीबल गौरीगञ्जले जनाएको छ ।

गौरीगञ्ज गाउँपालिका वडा नं -४ को बाह्रसुदी बस्तीमा नेपाल तर्फ नै पीपी ३३ नम्बरको पुरानो पिलर रहेको छ । पुरानो पिलर रहेको स्थानमा ८ -९ घर ऋषिदेवहरुको बस्ती छ । केही बर्ष पहिले नेपाल भारत दुबै तर्फबाट संयुक्त रुपमा नापी गरी पुरानो ३३ नम्बर पिलर नेपाल तर्फ परेको यकिन गरेको थियो । उक्त स्थानमा नयाँ नाप अनुसार सीमाना केही दक्षिणतर्फ सरेको भएर नयाँ पिलर गाडिएको स्थानीय जयराम ऋषिदेव बताउँछन् ।

पुरानो पिलर भएको स्थानमा बसोबास गरिरहेका ऋषिदेव परिवारसँग नेपाली नागरिकताको प्रमाणपत्र छ । हामी नेपाली हौं, पुस्तौदेखि यहाँ बसिरहेका छौं - स्थानीय जयराम ऋषिदेवले भने - तर पनि भारतीय प्रहरीहरू बेलाबेलामा आएर पुरानो पिलरलाई सुम्सुम्याएर जान्छन् ।

*(बाँकी अन्तिम पृष्ठमा)*

# नाका बन्द हुँदैन, दुई जना युक्रेनी फर्काइयो

**लक्ष्मी उप्रेती**

**काँकरभिट्टा, फागुन २९ ।** नोवेल कोरोना भाइरसको बढ्दो संक्रमणसँगै पूर्वी नाका बन्द हुने हल्लाले सर्वसाधारण तथा व्यवसायीहरु तनावमा परेका छन् ।

तर, जिल्लास्थित सुरक्षा स्रोतका अनुसार नाकाबन्दी गरिने बारे केही कुरै भएको छैन । हल्लाकै कारण सर्वसाधारण तथा व्यवसायीहरु भयभित बनेका छन् । नेपालमा सरकार र सञ्चारमाध्यमले नै कोरोना बारे आवश्यकताभन्दा बढी हल्ला चलाउँदा त्यसले सर्वसाधारण भयभित बनेको बताइन्छ । आवश्यक सजगता अपनाउन तर हल्लाको पछि नलाग्न प्रशासनले आग्रह समेत गरेको छ । सुरक्षा स्रोतले भनेको छ- 'तत्काल नाका बन्द गर्ने कुनै छलफल भएको छैन र त्यस्तो योजना पनि छैन । झापामा आवश्यक सजगताका लागि ५ वटा सीमा नाकामा परामर्श तथा क्वारेन्टाइन पोष्ट राखिएको जनाइएको छ । काँकरभिट्टा, भद्रपुर, केचना, कुमरखोद र गौरीगञ्जमा त्यस्तो पोष्ट राखिएको हो ।

यसैबीच नेपाल घुम्न आएका दुई जना युक्रेनका नागरिकलाई विहीबार पूर्वी नाकाबाट फिर्ता पठाइएको छ । ३४ वर्षीय एन्ड्रील आइगिन र ४३ वर्षीया ओलिना क्लिनिकोलाई काँकरभिट्टाबाट पुनः भारततर्फ नै फिर्ता पठाइएको हो ।

उनीहरु भारतको पानी ट्यांकीबाट मेची पुल हुँदै काँकरभिट्टा चेक पोष्टसम्म पैदलै आएका थिए । दुवैमा ज्वरो देखिएका कारण नोवल कोरोना भाइरस संक्रमण हुन सक्ने आशंकामा नेपाल प्रवेशमा रोक लगाउँदै



भारततर्फ पठाइएको स्वास्थ्यकर्मीहरुले बताएका छन् । मेचीनगर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेन्द्रकुमार खाम्याहाङ्ले जिल्ला प्रशासन कार्यालय झापामा जानकारी गराएपछि निर्देशन अनुसार उनीहरुलाई भारततर्फ नै फिर्ता पठाइएको हो ।

काँकरभिट्टामा रहेको कोरोना भाइरस परामर्श सहायता कक्षमा तीनपटकसम्म उनीहरुको ज्वरो नाप्दा १ सय डिग्री फरेनहाइटसम्म देखिएको थियो । ओलिनाको पहिलोपटक ज्वरो नाप्दा ३७ तथा दोस्रो र तेस्रोपटक नाप्दा १ सय र ९९ डिग्री फरेनहाइट देखिएको काँकरभिट्टा स्वास्थ्य केन्द्रका प्रमुख तालबहादुर खड्काले जानकारी दिए ।

पूर्वीनाकामा आइसोलेशन नभएका कारण दुवैलाई धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा आइसोलेशनमा बस्न चिकित्सकले सुझाव दिएका दिए । उनीहरुले आफूहरु अस्पतालमा नबस्ने बरु फिर्ता जाने बताएका थिए । एउटै व्यक्तिमा ज्वरो, रुघामर्की , श्वासप्रश्वासमा समस्या देखिए तत्काल स्वास्थ्यकर्मीले एम्बुलेन्सको व्यवस्था गरी आइसोलेशनमा लैजाने व्यवस्था छ । तर उनीहरुमा ज्वरोमात्र देखिएका कारण फिर्ता पठाइएको हो ।

सहायताकक्षमा खटिएका स्वास्थ्यकर्मीका अनुसार उनीहरु दिल्लीबाट दार्जीलिङ हुँदै पैदलमार्ग भएर काठमाण्डौ जान हिँडेका थिए ।

पूर्वीनाकाबाट नोवेल कोरोना भाइरस रोग भित्रिन नदिन १२ घण्टे हेल्थ डेक्समार्फत विशेष सजगता अपनाइएको छ । १४ माघमा स्थापना गरिएको नोवेल कोरोना भाइरस परामर्श सहायता कक्षमा अहिलेसम्म ९ सय ३१ जनाको स्क्रिनिङ गरिएको छ । विहीबारमात्र ३ सय ४१ जनाको स्क्रिनिङ गर्दा दुईजनामा ज्वरो देखा परेको थियो । ज्वरो १ सय ४ डिग्री फरेनहाइट

*(बाँकी अन्तिम पृष्ठमा)*

## विप्लवका १३ कार्यकर्ता पक्राउ

**उदयपुर, फागुन २९ ।** प्रहरीले उदयपुरबाट नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपाका १३ जना कार्यकर्तालाई हतियार सहित पक्राउ गरेको छ ।

प्रहरीले उनीहरूसँग तीन थान साना हतियार, गोलाबारुद, बम र गोली फेला पारेको प्रहरी प्रवक्ता डीआईजी शैलेश थापा क्षेत्रीले जानकारी दिए ।

गत फागुन २८ गते धनुषाको गणेशनाथ चारनाथ नगरपालिका -५ बाट १४ वर्षीया बालिकाको अपहरण भएको थियो । त्यसपछि प्रदेश २ प्रहरीले अपहरित बालिकाको खोजीमा एसपीको कमाण्डमा

*(बाँकी अन्तिम पृष्ठमा)*




**डाक्टर आउने बारेको सूचना**

**डा. पवन पराजुली** NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM

ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ

महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)

**कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर**
बिर्तामोड अन्धुवा खोला छेऊ (०२३-५४२८४५)

## डुबेर मृत्यु

**मोरङ, फाल्गुन २९ ।** मोरङको ग्रामथान गाउँपालिका-२ खुनियाकट्टा बस्ने ४० बर्षीय हरेराम सरदारको पोखरीमा डुबेर मृत्यु भएको छ ।


मंगलवार दिउँसो घर नजिकै रहेको गंगेबाबा मन्दिरको पोखरीमा नुहाउने क्रममा अचानक पोखरीमा डुबेर घाइते भएका सरदारको उपचारको क्रममा बुधवार दिउँसो २ बजे बिराटनगरको नोबेल अस्पतालमा मृत्यु भएको हो ।

घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।






## गौरीगञ्ज गापा अध्यक्षलाई मातृशोक



**गौरीगञ्ज, फागुन २९।** गौरीगञ्ज गाउँपालिकाका अध्यक्ष बाबुराजा श्रेष्ठलाई मातृशोक परेको छ ।

उनकी आमा खेमकुमारी श्रेष्ठको ७७ बर्षको उमेरमा विहीवार बिहान ५.३० बजे काठमाण्डौस्थित नर्भिक अस्पतालमा उपचारका क्रममा निधन भएको हो । फोक्सो सम्बन्धि रोगले पीडित श्रेष्ठलाई नर्भिक अस्पतालमा उपचारका लागि विगत १५ दिनदेखि राखिएको थियो ।

मोरङ्ग कोशी अञ्चल तत्कालीन धरान नगर पञ्चायतमा जन्मिएकी सामाजिक तथा धार्मिक व्यक्तित्व श्रेष्ठको प्रतिष्ठित व्यवसायी भाइराजा श्रेष्ठसँग विवाह भएको थियो ।

उनका ४ छोरा बुहारीहरू बाबुराजा - विश्वलक्ष्मी , सानुराजा - रणिता, लक्ष्मण - जयन्ती र शशीराजा - सानुमाया श्रेष्ठ छन् भने एक छोरी ज्वाइँ गीता - दीपकशंकर मल्ल छन् । वि.सं. २००० साल चैत महिनामा जन्मिएकी श्रेष्ठका ६ नाति, ६ नातिनी र १ पनाति छन् ।

उनको पार्थिव शरीरलाई विहीवार बेलुकै झापा गौरीगञ्ज गाउँपालिका वार्ड नं. ६ खजुरगाछीस्थित निजी निवासमा ल्याइएको छ । आज शुक्रबार बिहान गौरीगञ्ज गाउँपालिका वार्ड नं. ६ खजुरगाछी स्थित गेउरिया घाटमा हिन्दू परम्परा अनुसार दाहसंस्कार गरिने पारिवारिक श्रोतले जनाएको छ ।

## सामान बरामद

**भद्रपुर, फागुन २९।** भद्रपुर भन्सार कार्यालय अगाडिबाटै भन्सार नतिरी ल्याउँदै गरेको एक लाख रुपैयाँको मूल्य बराबरको मोटर पाट्‌र्स प्रहरीले बरामद गरेको छ ।

विशेष सूचनाको आधारमा वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरी टोलीले उक्त मूल्य बराबरको मोटरपाट्‌र्स भद्रपुर -५ स्थित गुङ्गली नजिकैबाट बरामद गरेको प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए ।

६ वटा कार्टुनमा प्याक गरिएको मोटरपाट्‌र्स भद्रपुर भन्सार कार्यालय बुझाइसकेको जनाइएको छ । यता व्यापारी स्रोतका अनुसार बुधबार बेलुका ४ बजेको समयमा भद्रपुरका कारोबारीले मेची पुल पारी टेम्पोमा लोड गरी उक्त मोटरपाट्स् सेटिङमै भन्सार अगाडिबाट भित्र्याइएको हो ।

भन्सार कर्मचारी र ड्युटीमा खटिएका प्रहरीलाई रकम बुझाउँदै भित्र्याइएको सो सामान प्रहरीले नै बरामद गरेपछि यस्तो रहस्य बाहिर आएको हो । मोटरपाट्‌र्सको भन्सार बढी लाग्ने भएकोले कारोबारीले सेटिङ मिलाएर यसरी सामान लैजाने गरेको व्यापारी स्रोतको दावी छ । यसअघि पनि भन्सार अगाडि ड्युटीमा खटिएका कर्मचारीको सेटिङमा बिना भन्सार नेपाल भित्र्याइएका सरसामान प्रहरीले बरामद गरी बुझाए पनि कर्मचारीलाई कसैले कारवाही गर्न नसक्दा यस्तो घटना बारम्बार भइरहेको बताइएको छ ।

# विद्युत्‌मा नयाँ महशुल दर !

**झापा, फागुन २९।** नेपाल विद्युत् प्राधिकरणले असाध्यै कम विद्युत् उपभोग गर्ने ग्राहकलाई सुविधा दिने लक्ष्यसहितको नयाँ महसुल प्रस्ताव गरेको छ ।

उक्त महसुल दरलाई सार्वजनिक सुनुवाइमार्फत कार्यान्वयनमा ल्याउने गरी विद्युत् नियमन आयोगले आम सर्वसाधारणलाई विहीवार जानकारी गराएको छ । प्राधिकरणले तय गरेको महसुललाई आयोगले स्वीकृत गरेपछि कार्यान्वयनमा ल्याउन पाउने कानूनी प्रबन्ध रहेको छ ।

प्राधिकरण सञ्चालक समितिले स्वीकृत गरी गत माघ १७ गते आयोगसमक्ष नयाँ महसुल दर बुझाएको थियो । सोही अनुसार आयोगले आगामी चैत १४, १६ र १७ गते सार्वजनिक सुनुवाइ गर्ने भएको छ । आयोगले सार्वजनिक सुनुवाइमा सहभागी हुन सबै सरोकार भएका पक्षलाई आग्रह गरेको छ । सार्वजनिक सुनुवाइ फेसबुक, युट्यूब जस्ता सामाजिक सञ्जालमा समेत प्रत्यक्ष प्रशारण गरिने बताइएको छ ।

प्राधिकरणले सबैभन्दा कम अर्थात् २० युनिटसम्म विद्युत् खपत गर्ने ग्राहकलाई रु. ३० मा विद्युत् उपलब्ध गराउने प्रस्ताव गरेको छ । पाँच एम्पियरमा विद्युत् लिने ग्राहकले बढीमा रु. ३५ महसुल तिरे पुग्नेछ । यस्तै १५ एम्पियरमा विद्युत् लिनेले न्यूनतम् शुल्क रु. ५०, ३० एम्पियरमा विद्युत् लिनेले रु. ७५ र ५० एम्पियरमा रु. १२५ न्यूनतम् महसुल लिने प्रस्ताव गरिएको छ । तल्ला र साना ग्राहकलाई बढीभन्दा बढी सुविधा दिने लक्ष्यसहित प्राधिकरणले नयाँ महसुल प्रस्ताव गरेको हो ।

यस्तै २१ युनिटदेखि ३० युनिटसम्म पाँच एम्पियरमा विद्युत् लिनेले न्यूनतम् रु. ५०, १५ एम्पियरमा रु. ७५, ३० एम्पियरमा रु. १०० र ६० एम्पियरमा रु. १५० न्यूनतम् महसुल तिर्नु पर्नेछ । यसैगरी ३१ देखि ५० सम्म न्यूनतम् रु. ७५, ५१ देखि १५१ युनिटसम्म रु. १००, १५१ युनिटदेखि २५० युनिटसम्म रु. १२५, २५१ युनिटदेखि ४०० सम्म न्यूनतम् रु. १५० महसुल तिरे हुनेछ । कूल ४०० युनिटभन्दामाथि न्यूनतम रु. १७५ महसुल तिर्दा हुनेछ । त्यसमा केही सेवा शुल्क भने थप हुन सक्नेछ । प्राधिकरणको प्रस्ताव अनुसार ४०० भोल्ट बराबरको विद्युत् लिनेले भने न्यूनतम् रु. एक हजार १०० देखि रु. एक हजार ८०० सम्म तिर्नु पर्नेछ ।

प्राधिकरणले औद्योगिक ग्राहकमा पनि ग्रामीण तथा घरेलु उद्योग र साना उद्योगको फरकफरक महसुल दर प्रस्ताव गरेको छ । व्यापारिक, गैरव्यापारिक, सिँचाइ, खानेपानी, यातायातका लागि चार्जिङ स्टेशनसमेतको महसुल दर प्रस्ताव गरेको छ । मन्दिर, सडकबत्ती, अस्थायी कनेक्सन, गैरगार्हस्थ्य र मनोरञ्जन व्यवसायको समेत छुट्टाछुट्टै महसुल दर तय गरेको छ । त्यसमा पनि वैशाखदेखि मङ्सिरसम्म र पुसदेखि चैतसम्मको पनि फरकफरक समयको फरकफरक महसुल दर प्रस्ताव गरिएको छ । वर्षाको समयमा बढी विद्युत् खपत गराउन सोही खालको र हिउँदको समयमा फरक खालको महसुल दर प्रस्ताव गरिएको छ ।

प्राधिकरणको हाल कूल ३९ लाख नौ हजार ४६० ग्राहक रहेका छन् । हाल कूल सात अर्ब ३८ करोड ६५ लाख ५८ हजार किलोवाट घण्टा विद्युत् खपत हुने गरेको छ । प्राधिकरणका सञ्चालक समितिका अध्यक्षसमेत रहेका ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री वर्षमान पुनले कम विद्युत् उपभोग गर्ने ग्राहकलाई ध्यानमा राखेर महसुल दर प्रस्ताव गर्ने बताउँदै आएका थिए । यस्तै विद्युत् खपत बढाउने लक्ष्यका साथ महसुलमा समेत केही छुट दिने प्रस्ताव गरिएको छ ।

**विद्युतीय सवारी चार्जमा नयाँ महसुल**

सरकारले विद्युतीय सवारी साधनको प्रयोगलाई बढावा दिने लक्ष्यका साथ रातिको समयमा सवारी साधन चार्ज गर्दा न्यूनतम् महसुल लिने प्रस्ताव गरेको छ । त्यसो गर्दा न्यूनतम् शुल्कमा नै विद्युतीय सवारी चार्ज गर्न सकिने र विद्युत् खपतसमेत बढ्ने विश्वास लिइएको छ ।

सार्वजनिक यातायातका लागि राति ११ बजेदेखि बिहान ५ बजेसम्म प्रतियुनिट चार रुपैयाँ ४५ पैसा महसुल लाग्नेछ । प्राधिकरणले तय गरेको यो महसुल सबैभन्दा सस्तो हो । तोकिएको महसुलमा चार्जिङ स्टेशन सञ्चालन गर्नेले थप २० प्रतिशतसम्म मुनाफा लिन पाउने व्यवस्था गरिएको छ ।

बढी विद्युत् माग हुने साँझ ५ बजेदेखि राति ११ बजेसम्म प्रतियुनिट आठ रुपैयाँ ४० पैसा महसुल तिर्नुपर्नेछ । यो सुविधा ३३ केभी भोल्टजका लागि हो । सोही भोल्टेजमा राति ११ बजेदेखि बिहान ५ बजेसम्म पाँच रुपैयाँ पाँच पैसा महसुल लाग्ने गरी महसुल प्रस्ताव गरिएको छ ।

प्राधिकरणले विभिन्न ११ समूहका ग्राहकको वर्गीकरण गरेको छ । त्यसमा घरेलु, गैरव्यापारिक, व्यापारिक, औद्योगिक, पानी वितरण, सिँचाइ, सडक बत्ती, अस्थायी, यातायात, मन्दिर, गैरघरेलु, मनोरञ्जन, सामुदायिक वितरण र निर्यातका विभिन्न शुल्क तय गरेको छ ।

सवारी साधनले प्रयोग गर्ने पेट्रोलियम पदार्थमा मात्रै ठूलो मात्रामा आर्थिक स्रोत विदेशिएकाले त्यसलाई रोक्न विद्युतीय सवारी साधनको प्रयोगलाई बढावा दिन लागिएको हो । प्राधिकरण आफैंले काठमाडौं राजधानी र प्रमुख राजमार्गमा ५० चार्जिङ स्टेशन निर्माण गर्ने लक्ष्यका साथ विश्वव्यापी बोलपत्र गरिसकेको छ । निजी क्षेत्रबाट पनि हालसम्म ६० वटा चार्जिङ स्टेशन निर्माण भइसकेका छन् ।

महसुल स्वीकृत नहुँदा निजी क्षेत्रका त्यस्ता स्टेशन व्यावसायिकरूपमा सञ्चालनमा आउन सकेका थिएनन् । प्राधिकरणको प्रस्तावलाई आयोगले स्वीकृत गरेर लागू गरेपछि विद्युतीय सवारी साधनको प्रयोग बढ्ने विश्वास लिइएको छ ।

## १३ वर्षमा विवाह, १५ वर्षमा सन्तान

**सुनसरी, फागुन २९।** सुनसरीको कोशी गाउँपालिका-१ लौकहीको मुसहर बस्तीकी सोनुदेवी सदाको १४ वर्षको उमेरमा विवाह भयो ।

विवाह भएको एक वर्षपछि उनलाई पहिलो सन्तानका रुपमा छोरी प्राप्त भयो । अहिले सोनुको उमेर १७ वर्षको भएको बेला अर्को सन्तानका रुपमा गर्भमा आठ महिनाको बच्चा छ ।

सोही ठाउँकी आनन्दीदेवी ऋषिदेवको १३ वर्षकै उमेरमा विवाह भयो । विवाहको एक वर्षपछि उनको पहिलो सन्तानका रुपमा छोराको जन्म भयो । अहिले १६ वर्ष पुगेकी उनको दुई वर्षको छोरा छ ।

त्यसैगरी लौकही मुसहर बस्तीकै १८ वर्षीया कैली सदा डेढ वर्षीया छोरी र एक महिने छोराको आमा भइसकेकी छन् । उनको पनि १३ वर्षकै उमेरमा विवाह भएको थियो । उनीहरु तीनैजना त्यस क्षेत्रका प्रतिनिधि पात्र हुन् ।

अहिले पनि सुनसरीको ग्रामीण क्षेत्रमा कम उमेरमा विवाह हुने र १८ वर्षको हुँदासम्म आमाबुबा हुने क्रम जारी छ । सुनसरीको दलित बस्तीमा जनचेतनाको अभाव, कम उमेरमा विवाह गर्दा आमा र बच्चालाई हुने असर लगायतको विषयमा प्रभावकारी रुपले जानकारी नहुँदा दलित बस्तीमा कम उमेरमै विवाह हुने गरेको पाइएको छ ।

विहावारी २० वर्ष पारी लगायतका नारा सञ्चारमाध्यम मात्र हैन यससम्बन्धी विषयका गोष्ठी, सभा र सभामा घन्किन थालेको धेरै भइसक्यो । विवाह पनि २० वर्ष पूरा भएपछि मात्र गर्नु पर्ने कानूनी प्रावधान छ । तर पनि दलित बस्तीका बालबालिकालाई त्यसले खासै असर पारेको देखिँदैन । १० देखि १७ वर्षसम्मको उमेर भनेको पढ्ने, खेल्ने र भविष्यको बारेमा दत्तचित्त हुँदै अघि बढ्ने बेला हो । तर यहाँको दलित बस्तीको त्यो समूहका कतिपय बालबालिका सन्तानको स्याहारसुसार गर्न व्यस्त रहेको पाइन्छ ।

विभिन्न नगरपालिका, गाउँपालिका र वडाले बालविवाह सम्बन्धी जनचेतना मूलक कार्यक्रम वार्षिक रुपमा सञ्चालन गर्छन् । त्यो कार्यक्रम कागज र कोठामा मात्र सीमित छ । कानूनमा कम उमेरमा विवाह गरे केटा र केटी पक्षलाई दण्ड जरिवाना गर्ने व्यवस्था छ । त्यसले पनि उक्त समुदायमा पूर्णतया छुन सकेको देखिँदैन ।

# एनसेलको 'कल आयो पैसा पायो'

**काठमाडौं, फागुन २९।** एनसेल प्राइभेट लिमिटेडले आफ्नो कस्टमर लोयल्टी कार्यक्रम अन्तर्गत ग्राहकहरुले औधी मन पराएको 'कल आयो पैसा पायो' अफर यो वर्ष पनि अझ बढी बोनसका साथ ल्याएको छ । यस योजना अन्तर्गत ग्राहकले अब विश्वका जुनसुकै देशबाट आएको अन्तर्राष्ट्रिय आगमन कलमा दुई मिनेट वा सो भन्दा बढी कुरा गर्दा प्रत्येक मिनेटको रु. २ बोनस स्वरुप प्राप्त गर्ने बताइएको छ ।

यो अफर बुधबारबाट लागू भएको छ र ३ महिनासम्म जारी रहनेछ । एनसेलका ग्राहकले विदेशबाट आफन्त, साथीभाइ र परिवारजनले गरेको कलमा कुरा गर्दा पहिलो दुई मिनेटपछि हरेक मिनेट ११ मिनेटसम्म रु. २ को दरले बोनस पाउने छन् । यसको अर्थ अन्तर्राष्ट्रिय आगमन कलमा कुरा गर्दा ग्राहकले रु. २० सम्म बोनस प्राप्त गर्नेछन् ।

यसरी प्राप्त बोनस ३ दिनको लागि मान्य हुनेछ । ग्राहकले उक्त बोनस एनसेलको नेटवर्क भित्र कुरा गर्न, एसएमएस पठाउन र इन्टरनेट चलाउन समेत प्रयोग गर्न सक्छन् । एनसेलका सबै प्रिपेड तथा पोष्टपेड ग्राहकले १७१२६ मा डायल गरी यो योजना निःशुल्क सुचारु गरी लाभ लिन सक्ने बताइएको छ । त्यसैगरी, ग्राहकले अंग्रेजीमा 'ए' टाइप गरी १७१२६ मा एसएमएस पठाएर पनि यो बोनस योजनामा सामेल हुन सकिने छ ।

बोनसका साथै, अन्तर्राष्ट्रिय आगमन कलमा कुरा गरी यस योजनाको मापदण्ड पूरा गरेका ग्राहकले प्रत्येक हप्ता सामसुङ ग्यालेक्सी एट्‌वान्टी स्मार्टफोन पनि जित्न सक्नेछन् । यो योजना अवधिभर प्रत्येक हप्ता १० जना ग्राहकले १/१ थान स्मार्टफोन पाउनेछन् । एक हप्ताको समयावधिमा ग्राहकले पाएको बोनस, कूल अन्तर्राष्ट्रिय आगमन कल र औसत कलको समय अनुसार विजेताको छनोट गरिनेछ ।

आफ्ना परिवारका सदस्य, आफन्त वा साथीभाइ विदेशमा रहेका र उनीहरुसँग सम्पर्कमा रहिरहनु पर्ने ग्राहकका लागि थप लाभ सुनिश्चित गर्दै यो आकर्षक योजना ल्याउन पाएको एनसेलले जनाएको छ ।

यो योजना अन्तर्गत प्राप्त हुने बोनसले ग्राहकलाई विदेशमा रहेका साथीभाइ तथा परिवारका सदस्यसँग सम्पर्कमा रहँदै, एनसेलको नेटवर्कमा रहेका अन्य आफन्तजन तथा साथीभाइसँग थप सम्पर्कमा रहन मद्दत गर्ने विश्वास एनसेलले लिएको छ ।

## छोराको हत्या गर्ने बाबु पक्राउ

**कञ्चनपुर, फागुन २९।** आफ्नै १६ वर्षीय छोरा सुवर्ण चन्दलाई धारिलो हतियार प्रहार गरी हत्या गरेको अभियोगमा भीमदत्त-२ उल्टाखाम बस्ने ३९ वर्षीय डम्बर चन्दलाई बुधबार साँझ प्रहरीले पक्राउ गरेको छ ।

धारिलो हतियार प्रहारबाट गम्भीर घाइते भएका सुवर्णको महाकाली अस्पताल महेन्द्रनगरमा उपचारको क्रममा मृत्यु भएको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### नाका ...

माथि आउनु, घाँटी र टाउको दुख्नु, रुघाखोकी लाग्नु तथा श्वासप्रश्वासमा समस्या देखिनु यो रोगको लक्षण रहेको मेचीनगर नगरपालिका स्वास्थ्य शाखा संयोजक शशीकला राईले बताइन् ।

मेचीनगर नगरपालिकाको स्वास्थ्य शाखाको व्यवस्थापनमा जिल्ला प्रशासन कार्यालय झापा र स्वास्थ्य कार्यालय झापाको समन्वय तथा सहजीकरणमा सहायता कक्ष स्थापना गरिएको छ । केही दिनअघि मात्र नेपाल सरकार स्वास्थ्य मन्त्रालय स्वास्थ्य सेवा विभागको चिकित्सकसहितको टोलीले कोरोना भाइरस परामर्श सहायता कक्षको स्थलगत अवलोकनसहित अन्तरक्रिया समेत गरेको थियो ।

यसैबीच कोरोना भाइरसको महामारी फैलिरहेको भन्दै दक्षिणी झापाको कचनकवलमा दुई दिने निःशुल्क स्वास्थ्य शिविर तथा कोरोना भाइरस सम्वन्धि जनचेतनामूलक कार्यक्रम शुरु गरिएको छ ।

कचनकवलका गरिव तथा अति विपन्न परिवारका स्वास्थ्यलाई मध्यनजर गरी कचनकवल -६ स्थित प्राथमिक स्वास्थ्य केन्द्र वनियानीमा दुई दिने निःशुल्क स्वास्थ्य शिविर तथा कोरोना भाईरस सम्वन्धि जनचेतनामूलक कार्यक्रमको आयोजना गरिएको हो ।

सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तरगत एक्सेल डेभलपमेन्ट बैंक तथा कचनकवल गाउँपालिकाको संयुक्त आयोजनामा गरिएको सो शिविरमा नोवेल मेडिकल कलेज विराटनगरका विशेषज्ञ डाक्टरहरुले सेवा प्रदान गरेका थिए ।

बिहीबार भएको पहिलो दिनको स्वास्थ्य शिविरमा १ हजारभन्दा वढीले सेवा लिएको एक्सेल बैंक वनियानी शाखाका प्रमुख राजन ढकालले जानकारी दिए । विशेषज्ञ डाक्टरसहितको टोलीले शिविरमा स्वास्थ्य परीक्षण गर्नुका साथै निःशुल्क औषधि समेत वितरण गरिएको थियो ।

शिविरमा जेनेरल मेडिसिन तथा मुटु रोग, प्रसूति तथा महिला, नाक कान घाँटी, भिडियो एक्सरे तथा इसिजी , शल्यक्रिया ,आँखा परीक्षण ,ल्याव सेवा ,वाल रोग , दन्त तथा न्युरो सर्जरी , हाडजोर्नी तथा नशा रोग सम्बन्धीका सेवा प्रदान गरिएको थियो ।

एक्सेल डेभलपमेन्ट बैंकका कार्यकारी अधिकृत दिनेशकुमार पोखरेलको सभापतित्व तथा प्रदेश सांसद वसन्तकुमार बानियाको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा कचनकवल गाउँपालिकाकी उपाध्यक्ष निमसरी राजवंशी, प्राथमिक स्वास्थ्य केन्द्र वनियानीका व्यावस्थापन समितिका अध्यक्ष रविचन्द्र ओझा, नोवेल मेडिकल कलेज विराटनगरका नारायणप्रसाद दाहाल लगायतले बोलेका थिए । कार्यक्रमको सञ्चालन एक्सेल बैंक सोमबारे शाखा प्रमुख राज झाले गरेका थिए ।

### विप्लवका ...

८० र सशस्त्र प्रहरीका ३० जना खटाएको थियो । बालिकालाई लडाकु बनाउन अपहरण गरिएको प्रहरीको प्रारम्भिक अनुसन्धानमा खुलेको जनाइएको छ ।

प्रहरीले संयुक्त कारवाहीमा ८ पुरूष र ५ महिलालाई उदयपुरको कटारीबाट नियन्त्रणमा लिएको हो ।

प्रदेश २ प्रहरी प्रमुख डीआईजी प्रद्युम्न कार्कीले सिन्धुली घर भई धनुषा गाईगोठमा काम गर्न बसेकी बालिकालाई लडाकुमा भर्ना गर्न लगेको बताए । उनले पक्राउ परेका १३ जनाको पहिचान र बरामद दस्तावेजका बिषयमा अनुसन्धान भइरहेको बताएका छन् ।

### सीमा ...

पहिला पहिला त हामीलाई घर छोडेर यहाँबाट भाग भनेर भारतीय प्रहरीले भन्ने गरेको जयरामले बताए ।

नेपाल भारतको संयुक्त सर्भे टोलीले जबदेखि नयाँ पिलर गाड्यो तबदेखि पुरानो पिलरका बारेमा उनीहरुले केही नभनेको उनले बताए ।


## आकर्षक घडेरी बिक्रीमा

झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारीक प्रयोजनको लागि भिटाहरु एकमुष्ट वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।

नोटः जम्मा जग्गाको क्षेत्रफल ११ कठ्ठा

सम्पर्कः नरेश श्रेष्ठ (मो. नं. ९८४२६२४१५०,९८१७०२१८५५)



## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।

पूर्वाञ्चलकै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी

023-545402

9825952677

9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।



## कर्मचारी तु-आवश्यकता

लक्ष्मीपुरबाट पञ्चकन्या, प्रोभिडेन्स कलेज उत्तरबाट कृष्ण हल हुँदै मुक्तिचोक उत्तर शनिश्चरे रोड, पाथीभराटोल, कृषिथोक, महेन्द्र शोरुमसम्म लक्ष्मीपुरदेखि दुर्गापुर सिमसार चम्पापुरसम्म पत्रिका वितरण गर्ने आफ्नो मोटरसाइकल भएको व्यक्ति तु-आवश्यकता परेको हुँदा इच्छुकले सम्पर्क गर्नुहोला ।

तलबः १०,००० (बोनसले तेल हाल्न पुग्ने)

सम्पर्कः ९८०१४०४०००, ९८१६६४१५७३



## Vacancy Announcement

Date:-29/11/076

Sahara Saccos Shikshya Sadan is operating a Montessori school in Birtamode-2, Charpane and is planning to open a few more in the future.

Sahara Saccos Shikshya Sadan is looking for potential Candidates to fill out the following positions.

**Position 1: Teacher - female (few)**

**Required qualification & experience :**

- 10 +2 passed or above.
- Compulsory Montessori trained.
- Should be between 18 to 40 years of age.

**Qualified females, with fluent English writing and speaking and with experience in related field are encouraged to apply.**

**Only short listed candidates will be notified for further process.**

**Interested candidates can drop their resume along with copy of credentials , photocopy of citizenship and a handwritten application before 14th of Chaitra 2076 at Sahara Saccos Shikshya Sadan, Birtamode-2, Charpane, Jhapa. Or Email to saharasaccosshikshyasadan@gmail.com and For telephone inquiries please contact 023-546419.**

**Note : It is compulsory to fill up the form and the form is available in the school.**



## हार्दिक बधाई



फुटबल खेलका लागि मुलुकै गौरवको रुपमा रहेको झापा गोल्डकपको गरिमामय अध्यक्ष पदमा हाम्रा अत्यन्त हितैषी, सामाजिक क्षेत्रमा क्रियाशील र ऊर्जाशील युवा **बिनोद बस्नेत** तथा बरिष्ठ उपाध्यक्ष बलराम कार्की, उपाध्यक्ष सुवास भट्टराई, महासचिव गजेन्द्र पौडेल, सह-सचिव चेतामणि खनाल, कोषाध्यक्ष केदार गिरी, सदस्यहरु केशवराज दाहाल, सजेश शिवाकोटी, किरण थापा, यादव पोखरेल, सञ्जीव घिमिरे, विष्णुप्रसाद सिग्देल, चन्द्रमणि कट्टेल र दिपेश ढकाल सर्वसम्मत चयन हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै तपाईंहरुको कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं ।

श्री अन्तु प्रकाशन (प्रा.)लि.

**पूर्वाञ्चल दैनिक परिवार**

बिर्तामोड, झापा


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा ■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# पशु तस्करीको स्थायी समाधान खोज

**कृषि प्रणालीमा आधुनिकता हावी हुँदै गएपछि परम्परागत कर्म विस्थापित हुन थालेको छ । अहिले शहर बजारमा मात्र होइन दुरदराजका ग्रामीण क्षेत्रहरुमा समेत गाईवस्तु पालन हुन छाडेको छ । उहिले देशको आम्दानीको मूल स्रोत कृषि थियो भने बहुसंख्यक नेपाली कृषि पेशामा आवद्ध थिए । कृषि कर्मसँगको आबद्धता घट्दै जाँदा पछिल्लो समय हामी नेपाली कृषि उत्पादनमा समेत पराश्रित भइरहेका छौं । यही समय सरकारले उत्पादकत्व बढाउन कृषिलाई आधुनिकीकरण गर्दै आवश्यक पर्ने प्रविधि, उपकरण, बीऊ–बिजन लगायतका सेवा उपलब्ध गराउन थालेको छ । जसका लागि उत्पादनका क्षेत्रहरुलाई वर्गीकरण गर्दै कतै खाद्यान्न त कतै सागसब्जी र कतै नगदे खेतीका लागि विशेष सहुलियत र सेवा दिन थालिएको छ ।**

**विशेष 'जोन' घोषणापछि प्रवाह गरिएको सेवाका कारण कृषि कार्यमा प्रविधिले प्रवेश पाएको छ । जसका कारण परम्परागत हलो, गोरु, जुवा, फालीको प्रयोग नहुने मात्र होइन पूर्णतः विस्थापन भएको छ । त्यहीकारण गाईवस्तुलाई सहायक पेशा मान्ने किसानका घरमा ग्वाली छैनन् भए पनि एउटा–एउटा गाईका लागि मात्र छन् । गाई–भैंसी पालेर दूध खाने, तिनका जन्मिएका बाच्छा, पाडा ठूला भएपछि हलो जोत्ने कारणले गाई भैंसी अनिवार्य र दोस्रो पेशामा गनिन्थ्यो । एकातिर विषादिको प्रयोग गर्नु हुँदैन भन्ने र अर्कातिर कृषि कर्ममा आवश्यक मलखादका लागि समेत उपयोगी हुने पशुपालनलाई विस्थापन गर्ने नीतिका कारण नेपाली जीवन अन्यौलग्रस्त छ ।**

**हामीसँग ठूला गौशालाहरु छैनन् । भएका एक–दुई पनि सञ्चालन र व्यवस्थापनका कारण संकटग्रस्त छन् । गाई पाले पनि तिनका सन्तानमध्येका बाच्छाहरु बजारमा बिक्दैनन् । बाच्छीको तुलनामा तिनको कुनै उपयोगिता नहुने कारणले पशुपालकले सित्तैमा होइन बाच्छा सँगै पैसा थपेर निःशुल्क बेच्नुपर्ने अवस्था छ । यसरी बेचिएका बाच्छा, गोरु मांसाहारकै प्रयोजनका लागि भारततर्फ निकासी हुने गरेको छ । तर, भारत सरकारले समेत तिनलाई प्रतिबन्ध लगाएका कारण गाईगोरु र बाच्छाहरुको चोरी निकासी हुने गरेको छ । सुदूरपूर्वको जिल्ला झापामा प्रहरी स्वयम् अग्रसर भई गाईको तस्करी नियन्त्रण गर्न लागेपछि तस्कर समूहले बाटो परिवर्तन गरी चोरी निकासी गर्दै आएको छ । यसक्रममा नेपालबाट कचनकवलको घेराबारी नाका हुँदै गाईगोरु भारततर्फ लैजाँदै गर्दा भारतीय एसएसवीले रोक्न खोज्दा भएको झडपमा भारतीय प्रहरी नै घाइते भए । यसका पछि 'सेटिङ कारण हुन सक्छ, मिलेर अनि नमिलेर ।**

**गाईवस्तु पालक कृषकका लागि समेत अप्ठ्यारो भएको बाच्छा र पाडाहरुको व्यवस्थापनमा राज्यको चासो नदेखिँदा पशुपालन नै बोझ हुन थालेको छ । तिनको उपयोग अर्ग्यानिक मलखाद र औषधिमा गर्न सकिए मात्रै भारततर्फ चोरी निकासी गर्ने समस्या कम हुनसक्थ्यो । सीमानाकामा नेपाल–भारत दुबैतर्फका प्रहरी तैनाथ हुन्छन् । झापाको दमक, घैलाडुब्बा, धुलाबारी गाईवस्तुको खरिदबिक्रीको मुख्य हाट हो । त्यहाँ पशुचौपाय बिक्रीका लागि लगिन्छन् । तर, किसानले पशुपालन गर्न छोडेपछि ती हाटको आकर्षण लगभग समाप्त भएको हुनसक्छ । अझ भारतबाट मध्य नेपाल हुँदै पूर्व ल्याइएका गाईगोरु समेत पूर्वीनाका हुँदै भारत लगिन थालेको सन्दर्भले पशु निकासी वैध जस्तै भएको छ । त्यसैले यी दुबै अवस्थालाई सम्बोधन हुने गरी राज्यले नीति–निर्माण गर्नुमात्र स्थायी समाधान हुन सक्छ ।**

# जैविक रसायनको भण्डार 'गाँजा'



तुलसीराम खरेल

मध्य एसीयाबाट विकास भई संसारका अन्य मुलुकहरुमा फैलिएको र परम्परागत औषधिको रुपमा प्रयोग हुँदै आएको एउटा वनस्पति हो गाँजा। यसको औषधीय महत्व रहे पनि नशालु पदार्थको रुपमा प्रयोग हुने गरेको कारण यसलाई धेरै मुलुकहरुले प्रतिबन्ध लगाएका छन्। यसको फाइदा र बेफाइदा दुबै हुने कुराहरुकाबीच यसमा के-कस्ता जैविक रसायनहरु हुन्छन् र तीनलाई के कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुराकै सेरोफेरोमा रहेर यो आलेख तयार गरिएको छ। नेपालमा पनि यसको खेती, ओसारप्रसार तथा बिक्री-वितरणमा बन्देज लगाइएकोमा अहिले आएर यसलाई अन्य लागू औषधि जस्तै ठानिनु गलत हो भन्ने बहसको जन्म भएको छ। यसका दुईवटा प्रजातिहरुको खेती गर्न सकिने बताइएको छ। यसको वैज्ञानिक परिवार कानाबेसी हो। एउटा प्रजातिको वैज्ञानिक नाम 'कानाबिस सेटिभा' हो भने अर्को प्रजाति' कानाबिस इन्डिका' हो। यी प्रजातिहरुबीच केही फरकहरु देख्न सकिन्छ।

अहिले यी दुबै प्रजातिहरु संसारभर फैलिएर रहेका छन्। इतिहासमा नेपालमा यसको खेती गर्ने गरिएको र यसले यहाँको अर्थतन्त्रमा ठूलै हिस्सा ओगटेको कुरा बताइन्छ। यसलाई औषधि बनाउन नेपालमै समेत प्रयोग गरिँदै आएकोमा लागूपदार्थ नियन्त्रण तथा ओसारप्रसारविरुद्ध बनाइएको ऐन २०३३ जारी भएपश्चात सिंहदरवार बैद्यखानाले यसको प्रयोगलाई रोकेको इतिहास पाइन्छ। लगभग सोही समयमै पश्चिमा धेरै मुलुकहरुले यसको खेतीमा प्रतिबन्ध लगाएको र नेपालमा समेत प्रतिबन्ध लगाउन दवाव दिएको भन्ने समेत सुनिन्छ। हिन्दू संस्कृतिमा यसलाई स्वीकारिएको नसाको रुपमा मानिन्छ। खास गरेर यसलाई शिवरात्री र होलीको अवसरमा सेवन गरिँदै आएको छ।

अन्य समयमा समेत मन्दिरमा साधुहरुले यसको सेवन गर्ने गरेको पाइएको छ। खास गरेर भाङ र गाँजालाई भोक जगाउन, मानसिक तनाव र थकान मेटाउन तथा पखालाको औषधिका लागि अत्यधिक प्रयोग हुनसक्ने बताइएको छ। भर्खरै मात्र नेकपाका सभासद शेरबहादुर तामाङले संघीय संसदमा यसको खेती गर्न पाउनुपर्ने भन्ने बिधेयक दर्ता गराएका हुन्। बिधेयकमा गाँजा खेतीलाई व्यवस्थित, वैज्ञानिक तथा किसानको आयआर्जनसँग जोडेर हेर्नुपर्ने बताइएको छ।

यसको खुल्ला बिक्री-वितरण, जथाभावी खेती गर्ने र अन्धाधुन्द उपयोग गरिने कुराहरुलाई भने निरुत्साहित गर्नुपर्ने उत्तिकै महत्वपूर्ण हुन्छ। बिधेयकमा गाँजा खेती एकाघरका परिवारका सदस्यको नाममा रहेको जमीनमा मात्र गर्न पाइने, राजपत्रमा प्रकाशित गरिने, नियमन बोर्ड स्थापना गरिने जस्ता कुराहरु राखिएको छ। विश्वका ६२ वटा मुलुकहरुले यसको खेतीमा लगाइएको प्रतिबन्धलाई फुकुवा गरेका छन्। नेपालमा समेत यसको खेतीमाथिको प्रतिबन्ध हटाउनुपर्ने माग हुँदै आएकोमा नेकपाका सभासद बिरोध खतिवडाले यसको खेतीमा लगाइएको प्रतिबन्ध फुकुवा गर्न गत माघ महिनाको १४ गते प्रतिनिधि सभामा प्रस्ताव दर्ता गराएका छन्। सो प्रस्तावको पक्षमा ४६ सभासदहरुले समर्थन गरेका छन्। संसदमा यसको विपक्षमा समेत आवाजहरु उठेका छन्।



फर्मासिटिकल आधारमा हेर्दा गाँजालाई एकदमै सक्रिय जैविक रसायनहरुको भण्डारको रुपमा मानिन्छ। यसमा पाइने जैविक रसायनहरुलाई मुख्य गरेर तीन वटा समूहभित्र राखिएको छ। केनाबिनोईड्स, टर्पेन्स तथा फेनोलिक यौगिकहरु। केनाबिनोइड्सलाई धेरै अध्ययन गरिएको यौगिकहरुको समूह मानिन्छ। औषधि विज्ञानमा यस समूहको महत्वबारेमा रुसो र उनको समूहले सन् २००८ मा तथा स्कगलुण्डले सन् २०१३ मा अध्ययन गरेका छन्। यसलाई जैविक प्रविधि र जेनेटिक इञ्जिनियरिङमा समेत प्रयोग गर्न सकिने ती अनुसन्धानहरुको ठहर रहेको छ। टउराले सन् २००७ तथा जीर्पेलले सन् २०१५ मा गरेको अध्ययन अनुसार यस समूहका रसायनहरुको सहयोगमा केही सूक्ष्म जिविहरुको निर्माण गर्न सकिन्छ। खास गरेर टेट्राहाइड्रो केनेबोलिक एसिड(टीएचसीए) र केनेबिडियोलिक एसिड(सीबिडिए)लाई यस प्रयोजनमा प्रयोग गर्न सकिन्छ।

बाओको सन् २०१४ को अनुसन्धानले यस वनस्पतिको डाँठमा पाइने पदार्थहरुलाई एन्टिब्याक्टेरियल लक्षण भएका भनेको छ। रेशाको स्रोतको रुपमा समेत प्रयोग गर्न सकिने, यसबाट प्राप्त हुने फाइबरलाई ग्लास फाइवरभन्दा गतिलो मानिन्छ र यसलाई जैविक प्लाष्टिकको रुपमा समेत उपयोग गर्न सकिने भनिएको छ। २००५ को खानको एउटा अनुसन्धानले समेत यसमा पाइने बीटा सिस्टोस्टेरल तथा बीटा एमाइरिनलाई एन्टिब्याक्टेरियल भनेको छ। उनको अनुसन्धानमा ९० वटाभन्दा बढी केनाबिनोईड्स पदार्थहरुको संग्रह यसमा भएको बताइयो। यी पदार्थहरुको असर मानिसको पेटमा पाइने ई कोली नामको ब्याक्टेरिया मा हेरिएको थियो।

रोथसिल्ड र उनका सहयोगीहरुको सन् २००५ को अनुसन्धानले गाँजामा एक सयभन्दा बढी टर्पेन्स पदार्थहरु रहेको खुलासा गरेको छ। यसलाई सुगन्ध तथा स्वादकारुपमा बिभिन्न खाद्यपदार्थहरुमा उपयोग गर्न सकिन्छ। कोमोरीको समूहले सन् १९९५ मा गरेको अनुसन्धान अनुसार यसमा रहेका टर्पेन्सहरु एन्टिक्यान्सर छन्। यिनिहरुलाई क्यान्सरको औषधि बनाउन तथा मानिसको रोग प्रतिरोधात्मक क्षमता वृद्धि गर्न सहयोगी हुने भनिएको छ। गाँजामा बिभिन्न २० वटाभन्दा बढी फेनोलिक पदार्थहरु रहेका हुन्छन्। केनाफ्लाभिन ए, बी, सी प्रमुख रहेका छन्। गाँजाको पातमा तिनिहरु रहेका कुरा रोसको सन् २००५ को अनुसन्धानमा उल्लेख छ। गोउल्डले सन् २०१५ मा गरेको अनुसन्धानले यसलाई पोटेन्ट एन्टिअक्सिडेन्ट, एन्टी भाइरल, एन्टी डाइबेटिक, एन्टी ओबेसिटी बनस्पतिको रुपमा चित्रित गरेको छ। यस अनुसन्धानले ५४० उक्त प्रकारका यौगिकहरु रहेको पुष्टी गरेको छ।

नेपालको भूगोल, हावापानी र जमिनको अवस्था गाँजा खेतीका लागि एकदमै उपयुक्त मानिन्छ। यसको खेतीगर्न खास गरेर पछि पारिएका, आदिवासी, दलीत किसानहरुलाई सहयोग गरेरै व्यवस्थापन गरिने हो भने गरिबी निवारणमा सहयोगी हुन सक्ने देखिन्छ। उत्पादनलाई जथाभावी किनबेचमा रोक लगाउँदै किसानका खेतबाटै नेपाल सरकारले किनिदिने हो भने मात्र न्यायसंगत हुन्छ नत्र किसान मर्ने र बिचौलिया मोटाउने सम्भावना रहन्छ।

अर्कोतर्फ यसको विकृतिको पाटो समेत मौलाउन सक्छ। नेपाल सरकारले गाँजा, भाङ, धतुरो, असूरो, पलाँस, दूबो, बोझो, घोडताप्रे, गुरास, चरी अमिलो, घ्यूकुमारी, अभिजालो, भ्रीङ्गराज, अमरलती, नीम, गुर्जो, आँक, काउसो, कुरिलो, कान्छी मधु, जेठी मधु, गुच्छी च्याउ, चाँदमरुवा, पदमचाल, टिमुर, जामुन, तुलसी, पाँचऔंले, पिपला, वेल, सीलाम, हलहले, चुत्रो, शुनकेस्रे लहरो आदि जस्ता सर्वसुलभ तथा मधेश या पहाडमा खेती गर्न सकिने औषधीजन्य वनस्पतिमा पाइने यौगिकहरुको पहिचान गरेर औषधि बनाउने उद्योग खोल्न सकेमा हजारौं नेपाली युवा वैज्ञानिकहरुले अनुसन्धान गर्न पाउने सम्भावना देखिन्छ। लाखौं युवाहरुले रोजगारी प्राप्त गरी बिदेश पलायन हुने दरलाई कम गर्न सकिन्थ्यो। स्वदेशमा जडीबुटी खेतीको वैज्ञानिक व्यवस्थापन तथा त्यसमा आधारित उद्योगले रोजगारीको सिर्जना हुन गई समृद्ध नेपाल सुखी नेपालीको नारा चरितार्थ गर्न मद्दत पुग्नेतर्फ तीनै तहका सरकार र सम्बन्धित सबैको ध्यान जानु जरुरी छ।

वनस्पति विज्ञानमा स्नातकोत्तर लेखक खरेल शिक्षण पेशामा आबद्ध छन्।
tulasikharel2015@gmail.com

# कनकाईमा गंगा आरतीलाई निरन्तरता दिइने



**बिर्तामोड, फागुन २९।** झापाको कनकाई नगरपालिकास्थित पवित्र धार्मिक नदी कनकाई माईमा गंगा आरतीलाई निरन्तरता दिइने भएको छ।

ग्लोवल मल्टीकल्चरल अर्गनाइजेशन नेपालले बिर्तामोडमा पत्रकार भेटघाट गरी यस्तो जानकारी दिएको हो। बहुसांस्कृतिक तथा आध्यात्मिक अभियानद्वारा कनकाईमा धार्मिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले गत फागुन २३ गते कनकाई माईको पूर्वी तटमा गंगा आरती गरिएको र विभिन्न संघ-संस्थाको समन्वयमा कनकाई माईमा मासिकरुपमा गंगा आरती सञ्चालन गरिने तयारी गरिएको ग्लोवल मल्टीकल्चरल अर्गनाइजेशन नेपालका अध्यक्ष लक्ष्मीप्रसाद बुढाथोकीले बताए।

कनकाई नदिको धार्मिक र वैज्ञानिक मान्यतालाई जनमानसमा पुर्‍याउन कनकाई माई गंगा सेवा आरतीले महत्वपूर्ण भूमिका खेल्ने भएको हुँदा यस कार्यलाई पूर्णता र निरन्तरताका लागि विभिन्न संघ-संस्था, स्थानीय सरकार लगायतसँग पहल भइरहेको र अब छिट्टै बैठक बसेर कनकाई माई गंगा सेवा आरती समिति गठन गरेर गंगा आरती सञ्चालन गरिने अध्यक्ष बुढाथोकीले बताए।

झापामा बढीभन्दा बढी आन्तरिक तथा वाह्य पर्यटक भित्र्याउने उद्देश्यले ग्लोबल मल्टीकल्चरल अर्गनाइजेशन नेपालको आयोजनामा फागुन २३, २४ र २५ गते तीन दिने बहुसांस्कृतिक आध्यात्मिक पर्यटन महोत्सवको आयोजना गरिए पनि सरकारले कोरोना भाइरसका कारण सबै कार्यक्रम स्थगित गर्न गरेको सूचना अनुसार दुई दिनको कार्यक्रम स्थगित गरि गंगा आरती मात्रै गरिएको उनले जानकारी दिए।

कनकाई उद्योग वाणिज्य संघ सुरुङ्गाको व्यवस्थापन, कनकाई नगरपालिका र कनकाई धाम धार्मिक विकास संस्था कोटीहोम संरक्षकत्वमा कनकाई माईको पूर्वी तटमा गरिएको गंगा आरतीमा पाँच जना धार्मिक कलाकारहरुले गंगा आरती गरेको र गंगा आरतीको पाँच हजारभन्दा बढी भक्तजनले अवलोकन गरेको उनले बताए।

कनकाई माई गंगा सेवा आरतीको लागि बातीको व्यवस्थापन नैनकला भट्टराई, उमा शिवाकोटी, कञ्चना ढकाल सिटौला, भगवती ढुंगेल लगायतले गरेको र गंगा आरती सँगै वरिष्ठ भजन गायक धर्मदास बुढाथोकीले भजन प्रस्तुत गरेको कार्यक्रममा जानकारी दिइयो।

बहुसांस्कृतिक आध्यात्मिक पर्यटन महोत्सव तथा कनकाई माई गंगा सेवा आरती सफल बनाउन विर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराईको संयोजकत्वमा २३ सदस्यीय समिति, १४ सदस्यीय सल्लाहकार समिति, धार्मिक संयोजन समिति, प्रचारप्रसार समिति, अतिथि तथा स्वयम्सेवक परिचालन समिति, आर्थिक समिति गठन गरिएको कार्यक्रममा जानकारी दिइयो।

समितिका सह संयोजक धुव्रप्रसाद शिवाकोटीको अध्यक्षतामा भएको कार्यक्रममा कनकाई माई गंगा सेवा आरतीका लागि विभिन्न व्यक्तिहरुबाट संकलन गरिएको ५५ हजार एक सय ५५ रुपैयाँमा ५४ हजार ९५ रुपैयाँ खर्च भएको र एक हजार ६० रुपैयाँ बचत भएको जानकारी दिइयो।

त्यस्तै कनकाई उद्योग वाणिज्य संघ सुरुङ्गाले स्टेज र साउण्डसिस्टमको व्यवस्था गरेको बताइएको छ। बहुसांस्कृतिक आध्यात्मिक पर्यटन महोत्सव पूर्व तयारीका लागि पाँच लाख २५ हजार एक सय २५ रुपैयाँ खर्च भएकोमा बिर्तामोड नगरपालिकाले दुई लाख ५० हजार रुपैयाँ प्राप्त भएको र अन्य खर्च ग्लोवल मल्टीकल्चरल अर्गनाइजेशन नेपालले व्यहोरेको कार्यक्रममा जानकारी दिइयो।

कार्यक्रममा समितिकी कोषाध्यक्ष नैनकला भट्टराई, सदस्य उमा शिवाकोटी, सल्लाहकार भगवती ढुंगेल, जनक खड्का धार्मिक संयोजन समिति सदस्य हरिप्रसाद भण्डारी, आर्थिक समिति संयोजक बालगोपाल शिवाकोटी, प्रचारप्रसार संयोजक केशव भट्टराईले पत्रकारको जिज्ञाशाको जवाफ दिएका थिए। कार्यक्रमको सञ्चालन समितिका सचिव रंगकर्मी माधव कल्पितले गरेका थिए।

# सकियो महोत्सव

**बिर्तामोड, फागुन २९।** बिर्तामोड-२ चारपानेस्थित श्रीकृष्ण प्रणामी मन्दिरको स्वर्ण महोत्सव सम्पन्न भएको छ।

स्वर्ण महोत्सवको अवसरमा गत फागुन २१ गते शुरु भएको साताव्यापी श्री १०८ सागर पाठपारायण एवम् श्रीकृष्ण कथा ज्ञान महायज्ञ समेत सम्पन्न गरिएको आयोजक मूल समारोह समितिका महासचिव शारदाप्रसाद थपलियाले जानकारी दिए।

उक्त धार्मिक अनुष्ठानमा नेपाल तथा भारतको बंगाल, आसाम, सिक्किम, गुजरात समेतका गरी ५० हजारभन्दा बढीको सहभागिता रहेको थियो। अनुष्ठानमा महामंगलपुरीधाम सुरतबाट धर्माचार्य जगतगुरु आचार्य श्री १०८ सूर्यनारायणजी महाराज, बाबा दयारामधाम कर्नालबाट श्री १०८ जगतराजजी महाराज, श्री भद्रावतीपुरीधाम भरोढाबाट श्री १०८ टहलकिशोरजी महाराज, मंगलधाम कालिम्पोङबाट श्री १०८ मोहन प्रियाचार्यजी महाराज, पीताम्बरपीठ आसामबाट श्री १०८ नाराण्ण स्वामीजी महाराज, रायगढबाट वाणी प्रशिक्षक श्री महेन्द्र महाराजले आशीर्वचन प्रदान गरेका थिए।

त्यस्तै श्री नवतनधाम काठमाडौंबाट श्री १०८ अमृतराजजी महाराज, धर्मधाम जिरौनाका १०८ श्रीराजेन्द्र शास्त्रीजी महाराज, श्री मुक्तिधाम इटहरीबाट १०८ श्री कृष्णदासजी महाराज, प्राणनाथ आश्रम देवघाटधामबाट प्रथम महिला भागवत वाचिका विदुषी तारा माताजी, श्री ५ पदमावतीपुरीधाम पन्नाका गुरुजीलगायतले प्रवचन तथा आशीर्वचन प्रदान गरेका थिए।

कार्यक्रम सफल बनाउन श्रीकृष्ण प्रणामी सेवा समिति, श्रीकृष्ण प्रणामी युवा परिषद्, श्रीकृष्ण प्रणामी सत्संग सेवा परिषद् बाइजुराज महिला समितिको सक्रिय भूमिका रहेको थियो भने दुई सय स्वयम्सेवक परिचालन भएका थिए।

सोही कार्यक्रममा युवा परिषद्, सत्संग



परिषद र बाइजुराज समितिको सम्मेलन गरिएको थियो। महोत्सव अवधिभर दैनिक सेवा पूजा, मंगल आरती, ध्यान, चिन्तन, योग, मंगलाचरण, पुष्पाञ्जलि, वाणी चर्चा, विभिन्न विद्वानहरुद्वारा धार्मिक प्रवचन, वाणी गायन, भजन-कीर्तन गरिएको र स्वास्थ्य शिविर, रक्तदान कार्यक्रम, सहयोगदाता, समाजसेवीलाई सम्मान समेत गरिएको प्रचार-प्रसार संयोजक टहलदास ओलीले जानकारी दिए।

महोत्सवमा शिक्षासेवी जयनारायण ढुंगाना, कानून व्यवसायी टंक उप्रेती, अशोक पोखरेल, नागरिक उड्डयन कार्यालय भद्रपुरका प्रमुख पूर्णप्रसाद चूडाल, संस्थागत रुपमा रोटरी, जेसीज, रेडक्रस, मारवाडी सेवा समिति, लायन्स संस्थालाई समेत सम्मान गरिएको महासचिव थपलियाले बताए।

त्यसैगरी सोही कार्यक्रममा सुश्रुत आयुर्वेद बिर्तामोडले राखेको आयुर्वेदतर्फको शिविरमा चार सय ५५ जनाले सेवा लिएका थिए भने चार लाख १५ हजार रुपैयाँ बराबरको औषधि निःशुल्क वितरण गरिएको थियो। त्यसैगरी, प्राञ्जल फार्मेसीले राखेको शिविरमा चार सय ९७ जनाले सेवा लिएका थिए भने आयुर्वेदतर्फ डा. सञ्जय गुप्ता, डा. सिद्धार्थ ठाकुरले र एलोप्याथीतर्फ डा. गोविन्द कँडेल र डा. खुश्बु अग्रवाल, डा. सुधिर गिरी लगायतले बिरामीको चेकजाँच गरेको महोत्सव मूल आयोजक समितिका अध्यक्ष युवा सन्त डा. जगतनन्दन शास्त्रीजी महाराजले बताए।

# संगीताको खोजी गरिदिन आग्रह



**बिर्तामोड, फागुन २९।** झापा अर्जुनधारा-३ खुदुनाबारीकी संगीता राउत सोमबारदेखि बेपत्ता भएकी छन्।

संगीताले डिप्रेसनको औषधि खाइरहेको र सोमबार घरबाट मन्दिर जान्छु भन्दै हिँडेको उनका श्रीमान् रनबहादुर राउतले बताए। उनले श्रीमती घरबाट हिँडेको थाहा पाएपछि पछिपछि खोज्दै गए पनि उनको पत्ता नलागेको बताए।

संगीताको खोजी गरिरहेको र उनको पत्ता नलागेपछि इलाका प्रहरी कार्यालय अनारमनीमा खोजी गरिदिनका लागि निवेदन दिएको उनले बताए। केही समययता मानसिक अवस्था ठीक भएको संगीताको बिर्तामोडस्थित बीएण्डसी अस्पतालमा उपचार गरिँदै आएको थियो। संगीताको साथमा केही नगद समेत रहेको उनले जानकारी दिए।

उनले संगीतालाई देख्ने वा फेला पार्ने महानुभावले नजिकको प्रहरी कार्यालय वा मोबाइल नम्बर ९८६०८४०८३९, ९८१६००१५६२ मा सम्पर्क गरिदिन समेत सबैलाई आग्रह गरेका छन्।

# झापा र ताप्लेजुङ भिड्दै




**अर्जुनधारा, फागुन २९।** झापाको अर्जुनधारामा जारी प्रदेश नम्बर १ स्तरीय महिला फुटबल प्रतियोगिता सुखानी शहीद स्मृति गोल्डकपको फाइनलमा कर्णसिंह सोनम फुटबल क्लब ताप्लेजुङ र कनकाई नगर खेलकुद विकास समिति झापा भिड्ने भएका छन्।

अर्जुनधारा-९ स्थित नमूना खेल मैदानमा बुधबार भएको प्रतियोगिताको अन्तिम सेमीफाइनल खेलमा धनकुटा जिल्ला फुटबल संघलाई २-० गोलले पराजित गर्दै ताप्लेजुङले झापासँगको भेट पक्का गरेको हो। ताप्लेजुङको जीतका लागि खेलको १५औं मिनेटमा सुनकला राईले र ५७औं मिनेटमा युकी गुरुङले गोल गरेका थिए।

खेलको वुमन अफ दी म्याच घोषित ताप्लेजुङकी सुनकला राईलाई प्रदेश नम्बर १ का सांसद एवम् सुशासन तथा योजना समितिका सभापति अर्जुन राई र अर्जुनधारा नगर पशुपन्छी, मत्स्य तथा कछुवा विकास शाखा प्रमुख पदमलाल राईले संयुक्तरुपमा नगद तीन हजारसहित ट्रफी प्रदान गरेका थिए।

त्यस्तै, खेलमा पहिलो गोल गर्ने सुनकलालाई स्थानीय शिवलाल गिरीले नगद एक हजार प्रदान गरेको प्रतिष्ठानका व्यवस्थापक पुष्पलाल तिवारीले बताए। अर्जुनधारा-९ वडास्तरीय खेलकुद विकास समितिका अध्यक्ष सुरेन राईले अर्जुनधारा प्रेस क्लबलाई जर्सीका लागि नगद पाँच हजार प्रदान गरेका थिए।

प्रदेश नं. १ कै सर्वाधिक राशिको प्रतियोगिताको विजेता र उपविजेता टिमले नगद पुरस्कार क्रमशः एक लाख २५ हजार र ७५ हजारसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्ने बताइएको छ। शुक्रबार हुने फाइनल खेलको उद्घाटन प्रदेश नम्बर १ का मुख्यमन्त्री शेरधन राईले गर्ने बताइएको छ।

# चैत तेस्रो साताबाट स्वयम्सेवक शिक्षक खटाइने

**काठमाडौं, फागुन २९।** विषयगत शिक्षक अभाव कम गर्न भन्दै सरकारले शुरु गर्न लागेको स्वयम्सेवक शिक्षकलाई चैत तेस्रो साताबाट खटाइने भएको छ।

एक शैक्षिक सत्रका लागि यो वर्ष करिब एक हजार पाँच सय स्वयम्सेवक शिक्षक छनौट हुने र चैत तेस्रो साताबाट स्वयम्सेवक शिक्षक खटाउने गरी तयारी भइरहेको स्वयम्सेवक शिक्षक छनौट समितिका संयोजक एवम् शिक्षा तथा मानव स्रोत विकास केन्द्रका उपमहानिर्देशक अणप्रसाद न्यौपानेले बताए।

कतिपयले दुईवटा स्थानीय तहमा आवेदन फाराम भरेको भेटिएको बताउँदै उपमहानिर्देशक न्यौपानेले अहिले ती शिक्षकको एक पालिकामा मात्र नाम सिफारिस गर्ने काम भइरहेको बताए। शिक्षण स्वयंसेवकका लागि १३ हजार तीन सय ५४ ले आवेदन दिएका छन्। समितिले आवेदकको नाम छनौट गरी स्थानीय तहको समन्वयमा स्वयम्सेवक शिक्षक छनौट गर्ने बताइएको छ।

केन्द्रका उपमहानिर्देशक इमनारायण श्रेष्ठले करिब १५ करोड रुपैयाँ बजेट व्यवस्थापन गर्न उक्त संख्यामा स्वयम्सेवक शिक्षक छनौट गर्न लागेको जानकारी दिए। केन्द्रले छ सय ४८ स्थानीय तहका लागि शिक्षक छनौट गर्न लागेको हो। केन्द्रका अनुसार एक स्थानीय तहमा १० जनासम्म शिक्षकले रोजगारी पाउनेछन्।

ती मध्ये पाँचथरको फिदिम, कटारीको चौदण्डी, महोत्तरीको बर्दिबास, नुवाकोटको विदुर, धादिङको नीलकण्ठ नगरपालिकामा बढी स्वयम्सेवक शिक्षक परिचालन हुनेछन्। भरतपुर महानगरपालिका, बुटवल उपमहानगरपालिका, पोखरा लेखनाथ महानगरपालिका, धनगढी उपमहानगरपालिका लगायत ठूला स्थानीय तहमा १५ जनासम्म स्वयम्सेवक शिक्षक परिचालित हुनेछन्। कैलालीको गोदावरी, लम्किचुवा, डडेल्धुराको परशुराम, कञ्चनपुरको भीमदत्त नगरपालिकामा पनि १० जनाभन्दा बढी शिक्षक परिचालन हुनेछन्।

समितिका संयोजक न्यौपानेले सबै पालिकामा आवेदन परेको जानकारी दिए। उनले पहिलो चरणमा आवेदन छनौट गर्ने, स्थानीय तह अनुसार शिक्षकको मिलान गर्ने र स्थानीय तहकै समन्वयमा शिक्षक खटाउने तयारी भएको बताए। स्वयम्सेवक शिक्षकले सम्बन्धित विद्यालयका प्रधानाध्यापकसँग सम्झौता गरेर मात्र पढाउन जाने व्यवस्था गरिएको छ। ती शिक्षकलाई केही दिन ओरेन्टेसन गराउने कार्यक्रम रहेको छ।

स्नातक वा स्नातकोत्तर उत्तीर्ण भएका र १८ देखि ४० वर्ष उमेर समूहकाले आवेदन दिन पाउने व्यवस्था गरिएको थियो। स्वयम्सेवाका लागि क, ख र ग वर्ग कायम गरिएको छ। स्नातक तह उत्तीर्णलाई सुगममा खटिए निर्वाह भत्ताका रूपमा मासिक २४ हजार र दुर्गममा जानेलाई मासिक ३० हजार रुपैयाँ उपलब्ध गराइनेछ। स्नातकोत्तर तह पूरा गरेकाले सुगममा मासिक २६ हजार रुपैयाँ र दुर्गममा ३२ हजार रुपैयाँ पाउने बताइएको छ।

# पूर्वमन्त्री शेर्माको निधन



**झापा, फागुन २९।** पूर्व स्थानीय विकास मन्त्री पूर्णकुमार शेर्माको ७६ वर्षको उमेरमा बुधबार निधन भएको छ।

दुई वटै मृगौलाले काम गर्न छाडेपछि डायलाइसिस गर्दै आएका शेर्माको ललितपुरको निदान अस्पतालमा उपचारको क्रममा बुधबार निधन भएको नेपाली कांग्रेस पाँचथरका सभापति नरेन्द्रकुमार केरुङले जानकारी दिए।


पाँचथरको पहिलेको सराङडाँडा गाविसमा २००० साल असोज महिनामा जन्मिएका शेर्मा २०५७ देखि २०६७ सालसम्म दुई कार्यकाल नेपाली कांग्रेस पाँचथरको सभापति बनेका थिए।

त्यस्तै उनी २०६४ सालको संविधान सभाको चुनावमा पाँचथर क्षेत्र नम्बर-१ बाट निर्वाचित हुँदै स्थानीय विकास मन्त्री भएका थिए। शेर्मा नेपाली कांग्रेसका केन्द्रीय सदस्य समेत हुन्।


## कोरियन भाषामा विशेष छुट

दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ। साथै चैत १५ देखि Trail Exam हरु पनि सञ्चालन गराइँदैछ। चाडै सम्पर्क गर्नुहोला। **Divine Int'l Acadamy (Dia)**
Birtamode 023-543821, 9823714550
अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा।

## उज्यालो यातायात प्रा.लि.



९८६०३६२५३५
९८१४०८८९९६
बिर्तामोड, फिदिम, ताप्लेजुङ, हेटौडा, नारायणघाट, काठमाडौं, कोहलपुर, धनगढी, नेपालगञ्ज, महेन्द्रनगर, सुर्खेत, बाग्लुङ, भैरवा, पोखरा, बुटवल, लुम्बिनी, नेपालको जुनसुकै ठाउँ जानको लागि सम्झनुहोस्।

## कतारमा रोजगारको
कम्पनी: AL ZAEEM SECURITY SERVICES
शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७६/०९/१४ | चलानी नं.: ६०१४९२८३ | L.T. No.: 230108

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Guard (Male) | 50 | 0 | स. काममा दक्ष | 1500 | ४६,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

FINAL INTERVIEW (2020-03-16) CHAITRA 03 AT BIRTAMODE, JHAPA

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा नसिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

LEADER OVERSEAS PVT. LTD.
Samakhushi-26, Kathmandu, Nepal, Tel: +977-1-402122
OFFICE CONTACT: 9801445552, 9804909933
Gov. Lic No. [illegible]

## UAE मा Security Guard को आवश्यकता
कम्पनी : U.S.G. Group LLC
पूर्व स्वीकृति मिति : 2076/10/07 | चलानी नं. 60150258 | L.T.NO. 231489

| कामदारको पद | माग संख्या Male | माग संख्या Female | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | हप्तामा काम गर्ने दिन | दिनमा काम गर्ने घण्टा | ओभर टाइम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Security Guard | 100 | 45 | काममा अनुभव | 2000 | ६३,६४० | ६ दिन | ८ घण्टा | क.नि. अनुसार | | छैन/छ | | २ वर्ष |

नोट:
❖SLC पास गरेको हुनुपर्नेछ। ❖अंग्रेजी भाषा राम्रोसंग लेख्न, बोल्न, र पढ्न जान्ने हुनुपर्नेछ।
❖उचाई कम्तीमा ५ फिट ६ इन्च भन्दा माथि हुनुपर्नेछ। ❖उमेर २१ देखी ४० वर्षसम्म हुनुपर्नेछ।
यसको वेसिक सेलरी २००० दिराम भएता पनि १२ घण्टा ३० दिन काम गरेवापत ३३०० दिराम कमाइ हुनेछ।
यसैगरी यसै कम्पनीमा DPS तलब २२६२ दिराम भएको सिक्युरिटी गार्डको पनि सोही दिन अन्तरवार्ता हुनेछ।

फाईनल अर्न्तवार्ता सम्बन्धीत कम्पनिको प्रतिनिधिवाट यहि मिति २०७६ चैत्र ०४ (2020 March 17) मा सिपी होटल बिर्तामोडमा हुनेछ।

Gulf Innovation Group Nepal Pvt. Ltd.
Lic. No. 859/066/67
kupandol, Kathmandu, Nepal 55240006
सम्पर्क: 9824985301, 9807934609, 9842665853

## १००% रोजगारसहित होटल तालिममा भर्ना खुल्यो

काठमाडौंबाट सञ्चालित एसियन होटल ट्रेनिङको ५०% सहयोगमा अब हाम्रो शहर बिर्तामोडमा होटल तालिममा भर्ना खुल्यो। तालिमहरु कुक, इण्डियन, चाइनिज, कन्टीनेन्टल, इटालिएन र वेटर।
हाम्रा विशेषताहरू :
- काठमाडौंको 5 Star होटलका सेफद्वारा तालिम दिइने।
- तालिमलाई चाहिने सम्पूर्ण सामान काठमाडौंबाट ल्याइने।
- तालिमपछि आफ्नै कम्पनीबाट विदेश पठाइने।
- दक्ष नभए पुनः रि-क्लास गरी दक्ष बनाइने।
- तालिमपछि काठमाडौं वा पोखराको Star होटलमा जब ट्रेनिङमा पठाइने।



सम्पर्क : **होटल अलपाइन**
शनिश्चरे रोड ट्याक्सी स्टेण्ड बिर्तामोड, झापा
नोटः यहाँ खान/बस्नको राम्रो व्यवस्था छ।
फोनः ०२३-५४०२३१
मो. ९८१२३५१२७१, ९८१२३५१२२६

## सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।




## पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ

(हल ए) हिन्दी सिनेमा
पहिलो शो ११:४५ **Baaghi-3**
दोस्रो शो २:४५ **Baaghi-3**
तेस्रो शो ६:४५ **Baaghi-3**

(हल बी) नेपाली सिनेमा
पहिलो शो ११:४५ **Baaghi-3**
दोस्रो शो २:४५ **Baaghi-3**
तेस्रो शो ६:४० सुभव मंगल ज्यादा साधावन हिन्दी



बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ।
(फोन नं. ०२३-५४६४३६)

## अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित
झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस्।

दानावारी, महमाई, लारुम्बा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३०, ८:३०, ९:१५, १०:१५, ११:१५, १२:१५,
बेलुका : ०२:१५ दानाबारीसम्म। ०२:४५ सानो वर्दुसम्म।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इञ्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई

## हाड जोर्नी नशका बिरामीलाई सुवर्ण अवसर
काठमाडौका विशेषज्ञ बिर्तामोडमा

स्पार्क पूर्वाञ्चल अस्पतालको छैठौं बार्षिकोत्सवको अवसरमा स्पार्क अस्पताल काठमाडौ तथा काठमाडौ न्यूरो अस्पतालका **बरिष्ठ डाक्टर अनिल कुमार महतो** यही चैत्र १ गते शनिबार स्पार्क पुर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहन्छ। आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस्।
**जाँच हुने समस्याहरु :**
- ढाड, कम्मर, गर्दन, घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झमझमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)
समय : बिहान ८:०० देखि ३:००

## काठमाडौका डाक्टरद्वारा नि:शुल्क स्वास्थ्य परीक्षण

यही चैत्र २ गते आइतबारका दिन काठमाडौंबाट आउनुहुने पाइल्स, फिसर, फिस्टुला रोगका अनुभवी आयुर्वेद डा.राजकुमार शाह र हाडजोर्नी, नशा तथा प्यारालाइसिसका अनुभवी फिजियोथेरापिस्ट डा.भगवान शाहद्वारा नि:शुल्क स्वास्थ्य जाँच गरिने भएकोले यथाशीघ्र नाम टिपाइ मौकाको फाइदा उठाउनुहोस्।
**उपचार हुने समस्याहरु :-**
ग्यास्ट्रीक, कब्जियत, सुगर, प्रेसर, खोकी, पिनास, थाइराइड, कोलेस्ट्रोल, मृगौलाको पत्थरी, छातीको दाग, महिला तथा पुरुषका गुप्त रोग, एलर्जी, पोतो, डण्डीफोर, माइग्रेन, अनिद्रा, बाथ, युरिक एसिड, कम्मर र गर्दन दुख्ने, घुडा जोर्नी दुख्ने, नशा च्यापिएको, हड्डी खिइएको, शरीर झम्झमाउने, मुख बाङ्गिएको, कुम जाम भएको आदि।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३


# लागूऔषधसहित तीन जना पक्राउ

**झापा, फागुन २९।** मेचीनगर नगरपालिका-६ भन्सार गेट छेउबाट लागूऔषध खैरो हेरोइनसहित तीन जना पक्राउ परेका छन्।

लागूऔषध नियन्त्रण ब्युरो काँकरभिट्टाबाट नियमित चेकजाँचमा खटिएको प्रहरीको टोलीले भारतीय बजार पानीट्याङकीबाट नेपालतर्फ आउँदै गरेका अर्जुनधारा-४ का १७ बर्षीय राजेश खड्का, अर्जुनधारा-७ का १८ बर्षीय सुनिलकुमार मण्डल र १९ बर्षीय राजेश कालिकोटेलाई दुई ग्राम खैरो हेरोइनसहित पक्राउ गरेको हो।

पक्राउ परेका तीनै जनालाई थप अनुसन्धान गरिरहेको इलाका प्रहरी कार्यालय काँकरभिट्टाले जनाएको छ।


## वर्गीकृत विज्ञापन

### कर्मचारी आवश्यकता
Math/English Teacher: ४ जना
Math/Seince Teacher: ४ जना
सहकारीको लागि महिला/पुरुष १० जना
कुक : ७ जना (बिर्तामोड, इलाम, काँकरभिट्टा)
वेटर : ११ जना (बिर्तामोड, इलाम, फिक्कल)
हाउसकिपिङ : ६ जना (बिर्तामोड, इलाम)
क्लिनरः ८ जना (बिर्तामोड, इलाम, काँकरभिट्टा)
घरमा काम गर्ने : ४ जना (महिला)
**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

### सम्झनुहोस्
लोप हुँदै गएका पुराना तथा सांस्कृतिक गरगहना र हरेक किसिमका आधुनिक ढंगबाट बिना रसायन तयार गरिएका आकर्षक गरगहना उचित मूल्यमा खरिद गर्नुपरेमा तुरुन्तै सम्पर्क गर्नुहोला।
प्रो. श्रीप्रसाद पोर्तेल (मो. ९८१४०७०५०२)
**पाँचथरे पाथीभरा ज्वेलर्स,**
दमक-१, झापा
(फाल्गुनन्द चौकको २० मिटर उत्तर)
(नोटः घर जग्गा किनबेचको कारोबार समेत गरिने हुँदा सम्पर्क गर्नुहोला।)

### हिजोको सूनचाँदीको भाउ
छापावाला सुन : ८२,०००।-
तेजावी सुन : ८१,७००।-
असल चाँदी : ८७५।-

### सेक्यूरिटी गार्ड आवश्यकता
झापाको झिलझिले, दमक, बिर्तामोड, काँकरभिट्टा एरियाका लागि २० जना महिला तथा पुरुष सेक्युरिटी गार्ड चाहियो। भूपू प्रहरी तथा सेनालाई ग्राह्यता।
**तलब : आपसी समझदारीमा**
भरपर्दो सुरक्षा गार्ड सेवाका लागि सेक्टर वान सेक्युरिटी सर्भिस, बिर्तामोड झापालाई सम्झनुहोस्।
सम्पर्कः ९८२४९८२२९६, ९८२३७३८६७१
(Email: kvvservices@gmail.com)

### आवश्यकता
सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ।
**सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

### टाटा सुमो गाडी भाडामा चाहिएमा
बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला।
मो.९८१५९५२४९९
९८४१३२१४६४

### On Line Food Delivery
बिर्तामोड मुक्तिचोकबाट ५ कि.मि. एरियाभित्र घर बसी-बसी खानाको आनन्द लिन मन भएमा हामीलाई सम्झनुहोस्। अनलाई वा फोनबाट अर्डर टिपाउन सकिनेछ।
सम्पर्कः ९८०७९३९०९७/९८४८५३३१३८
फेसबुक पेज : Food station kankai road Birthamode

### सेफ्टी ट्याङ्की तथा ढल सफाई
अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

### साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।




सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७, ९८०६०८३८७६, ९८६२६४८२८२

### घर बिक्रीमा
अर्जुनधारा-११ बुट्टाबारी राजमार्ग उत्तर प्लटिङ्गमा रहेको १० १/२ धुर मा बनेको १ तले २ सटरसहित ६ कोटा भएको घर तु-बिक्रीमा छ।
सम्पर्कः ९८१००९१६८०, ९८१६९५३९११

### पत्रिका समयमा पाउनु भएको छैन ?
मो. ९८०७९१०२२२ पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस्।




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ। प्रियजनसँग रमाइलो भेटघाट हुनेछ। अतिथिको रूपमा सत्कार पाइनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** आम्दानी बढाउने काम शुरु गर्न सकिनेछ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। साथीभाइबाट सहयोग मिल्नेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** सुख-दुःखमा साथ दिनेहरू प्रशस्तै भेटिनेछन्। आफन्तले पनि उत्साह जगाउनेछन्। कामले समाजमा स्थापित बनाउन सक्छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ। चुनौति पन्छाएर पनि काम बनाउन सकिनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ। काम बन्नाले मनग्गे लाभ हुनेछ। इर्ष्या गर्नेहरूले हार खानेछन्।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** व्यापार लगायत आर्थिक लाभ हुने नयाँ योजना शुभारम्भ गर्ने समय छ। समयले साथ दिनेछ भने प्रयत्न गरेका काम सजिलै सम्पादन हुनेछन्।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ। बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ। प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** फाइदाको स्रोत पहिल्याउन सकिनेछ। सेवामूलक कामबाट धनलाभ हुनेछ। प्रतिक्षा गरिएको नतिजा सबल रहनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** सन्तान वा अनुयायीले साथ दिनेछन्। हतारमा निर्णय लिने बानीले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** अनावश्यक साइनो गाँस्नेहरूसँग जोगिएर काममा जुट्नुपर्ने समय छ। तापनि, शुभचिन्तकहरूको सहयोगले चिताएका सम्पादन गर्न सकिनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** प्रक्रिया दोहोऱ्याउनुपरे पनि अन्ततः आफैंलाई फाइदा हुनेछ। दिगो फाइदा हुने काम प्राप्त हुनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** लगनशीलताले परिस्थितिलाई बदल्नेछ। पछि लाभ हुने काम प्रारम्भ हुनेछ। गुरुजनको सुझाव आवश्यक पर्ला।